# बी.पी.कोइराला राष्ट्रिय पुरस्कार सम्बन्धी कार्यविधि, २०७८

प्रस्तावना: नेपालमा प्रजातन्त्र बहालीका लागि निर्वासन एवं पन्ध्र वर्ष जेल जीवन समेत जीवनभर संघर्ष गर्नु भएका नेपालको प्रजातान्त्रिक आन्दोलनका शिखर व्यक्तित्व एवं नेपाली साहित्यमा अतुलनीय योगदान गर्नु भएका नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री जननायक विश्वेश्वर प्रसाद (बी.पी.) कोइरालाले नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली साहित्यमा पुऱ्याउनु भएको योगदानलाई चीरपर्यन्त कायम राख्न नेपालको राजनीति, बी.पी. कोइरालाले अघि सार्नुभएको अर्थ राजनीतिक दर्शन, सिद्धान्त, नीति तथा बिचारका सम्बन्धमा खोज, अध्ययन तथा अनुसन्धान र लेखन कार्य गरी सो क्षेत्रमा र नेपाली साहित्यमा विशिष्ट योगदान पुऱ्याएका व्यक्ति वा संस्थालाई बी.पी.कोइराला राष्ट्रिय पुरस्कारबाट पुरस्कृत गर्ने पुरस्कारको छनौटलाई विश्वसनीय, पारदर्शी र व्यवस्थित गर्न सो सम्बन्धी कार्यविधि बनाउन आवश्यक भएकोले,

नेपाल सरकारले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "बी.पी.कोइराला राष्ट्रिय पुरस्कार सम्बन्धी कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकारबाट स्वीकृत भए पछि लागू हुनेछ ।

२ परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यविधि" भन्नाले बी.पी.कोइराला राष्ट्रिय पुरस्कार सम्बन्धी कार्यविधि, २०७८ सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्छ ।

(ग) "पुरस्कार" भन्नाले बी.पी. कोइराला राष्ट्रिय पुरस्कार सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले दफा ५ बमोजिमको पुरस्कार सिफारिस समिति सम्झनु पर्छ ।

३. पुरस्कारको स्थापना: (१) बी.पी.कोइराला राष्ट्रिय पुरस्कार नामको पुरस्कार स्थापना गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको पुरस्कार प्रत्येक वर्ष प्रदान गरिनेछ ।

४ पुरस्कारको विधा तथा पुरस्कार राशीः: (१) पुरस्कार देहायका दुईवटा विधामा प्रदान गरिनेछः-

(क) राजनीतिक दर्शन

(ख) साहित्यिक

(२) देहायको विधाको पुरस्कार देहाय बमोजिम सम्बन्धित क्षेत्रमा विशिष्ट योगदान गरेको व्यक्ति वा संस्थालाई प्रदान गरिनेछः-

(क) राजनीतिक दर्शन विधाको लागि बी.पी. कोइरालाले अघि सारेका अर्थ राजनीतिक दर्शन, सिद्धान्त, नीति एवं बिचारको खोज, अध्ययन तथा अनुसन्धान र लेखन कार्य गरेको वा ती दर्शन, नीति र बिचारलाई समय सापेक्ष रुपमा नेपालमा लागू गर्न प्राज्ञिक भूमिका निर्वाह गरेको वा अर्थ राजनीतिक क्षेत्रमा खोज, अध्ययन तथा अनुसन्धान र लेखन कार्य मार्फत नेपाली समाजको राजनैतिक एवं आर्थिक रुपान्तरणका लागि महत्वपूर्ण योगदान गरेको ।

(ख) साहिंत्यिक विधाको लागि बी.पी. कोइरालाका साहित्यिक कृतिको खोज, अध्ययन, अनुसन्धान, अनुवादको माध्यमबाट ती कृतिलाई नेपाली एवं विश्व साहित्यको क्षेत्रमा थप स्थापित गर्न महत्वपूर्ण योगदान गरेको एवं नेपाली साहित्यको श्रीबृद्धिमा महत्वपूर्ण योगदान गरेको।

(३) पुरस्कारको राशी प्रत्येक विधामा दुई लाख रुपैयाँ र सम्मानपत्र हुनेछ।

५. <u>सिफारिस समिति</u>: (१) प्रत्येक वर्ष प्रदान गरिने पुरस्कारको लागि योग्य व्यक्ति वा संस्थाको नाम मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछः-

(क) सचिव, मन्त्रालय –संयोजक

(ख) अध्यक्ष, बी.पी. संग्रहालय, सुन्दरीजल –सदस्य

(ग) मन्त्रालयबाट मनोनित कम्तीमा एकजना महिला सहित दुईजना –सदस्य

(घ) सहसचिव, संस्कृति महाशाखा, मन्त्रालय –सदस्य-सचिव

(२) विषयगत विधामा पुरस्कृत व्यक्ति वा संस्थाको नाम छनौटको लागि समितिले आवश्यकता अनुसार विषयसँग सम्बन्धित अन्य विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

६. <u>आवेदन माग गर्ने</u>: (१) समितिले पुरस्कार प्राप्त गर्न योग्य व्यक्ति वा संस्थालाई आवेदन पेश गर्न कम्तीमा ३० (तीस) दिनको समय दिई आवेदनसाथ पेश गर्नुपर्ने विवरण तथा कागजात खुलाई सार्वजनिक सूचना जारी गर्नु पर्नेछ।

(२) पुरस्कार प्राप्त गर्न चाहने व्यक्ति वा संस्थाले उपदफा (१) बमोजिमको सूचनामा खुलाइएका विवरण तथा कागजात संलग्न गरी समिति समक्ष आवेदन पेश गर्नु पर्नेछ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

७. <u>छनौटको आधार र विधि</u>: (१) समितिले पुरस्कार सिफारिसको प्रक्रिया शुरु गर्नुभन्दा अघि पुरस्कार छनौटका बस्तुगत आधार स्वीकृत गर्नेछ।

(२) समितिले दफा ६ बमोजिम प्राप्त आवेदनहरुको जाँचबुझ गरी पुरस्कृत हुन योग्य देखिएका आवेदनहरुको संक्षिप्त सूची तयार गर्नेछ। त्यस्तो सूची तयार गर्दा समितिले सम्बन्धित विज्ञ समेत रहेको उपसमिति गठन गर्न वा विज्ञहरुको सेवा लिन सक्नेछ।

(३) दफा ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि आवेदन पेश नगरेको कुनै व्यक्ति वा संस्था पुरस्कार पाउन योग्य देखिएमा समितिले त्यस्तो व्यक्ति वा संस्थाको नाम उपदफा (२) बमोजिमको सूचीमा समावेश गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिमको संक्षिप्त सूची तयार भएपछि समितिले उपदफा (१) बमोजिम स्वीकृत गरेका छनौटका आधारहरु बमोजिम पुरस्कृत गरिने व्यक्ति वा संस्था छनौट गरी मन्त्रालय समक्ष सिफारिस गर्नेछ।

(५) उपदफा (४) बमोजिम छनौट गर्दा कुनै विधामा दुई जना व्यक्ति वा संस्था पुरस्कृत हुन योग्य देखिएमा समितिले संयुक्त रुपमा पुरस्कृत गर्ने गरी छनौट गर्न र सिफारिस गर्न सक्नेछ।

(६) यस दफा बमोजिम जाँचबुज गर्दा कुनै विधामा कुनै व्यक्ति वा संस्था पुरस्कृत गर्न योग्य नदेखिएमा समितिले सोही व्यहोरा मन्त्रालय समक्ष सिफारिस गर्नेछ।

(७) दफा ४ को उपदफा (२) बमोजिम सम्बन्धित विधामा पुरस्कृत हुन योग्य गैर नेपाली नागरिक, व्यक्ति वा संस्थालाई समेत पुरस्कार प्रदान गर्न सकिनेछ।

(८) कुनै विधामा पुरस्कार प्राप्त गर्न योग्य व्यक्तिलाई मरणोपरान्त समेत पुरस्कार प्रदान गर्न सकिनेछ।

८. <u>पुरस्कार प्रदान गर्ने</u>: (१) मन्त्रालयले दफा ७ बमोजिम सिफारिस भएका व्यक्ति वा संस्थाको नाम घोषणा गरी प्रत्येक वर्ष संभव भएसम्म बी.पी. स्मृति तथा राष्ट्रिय मेलमिलाप दिवसको दिन पुरस्कार प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बी.पी. स्मृति तथा राष्ट्रिय मेलमिलाप दिवसको दिन पुरस्कार प्रदान हुन नसकेमा मन्त्रालयले तोकेको राष्ट्रिय महत्वको दिवस वा दिनमा सो पुरस्कार प्रदान गरिनेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं